International Trade Centre

Trade and Export Promotion Centre

# निर्यात प्रबन्धन निर्देशिका

## नेपालबाट गलैँचा चीन निर्यात गर्दा अपनाउनु पर्ने चरणबध्द प्रक्रियाहरू





आवरण चित्र: प्रतिलिपि अधिकार Shutterstock

# निर्यात प्रबन्धन निर्देशिका

## नेपालबाट गलैँचा चीन निर्यात गर्दा अपनाउनु पर्ने चरणबध्द प्रक्रियाहरू

## कृतज्ञता

यो निर्देशिका आईटीसीको राष्ट्रिय परामर्शदाता तथा नेपाल फ्रेट फर्वार्डर्स एसोसिएशनका पूर्व अध्यक्ष श्री राजन शर्माले तयार पार्नु भएको हो। यो निर्देशिका आईटीसी मुख्यालयको व्यापार सर्वधन तथा परियोजना अन्तर्गतका अन्तराष्ट्रिय परामर्शदाता श्री शाहीद बशरको प्राविधीक सल्लाह र निर्देशनमा तयार पारिएको हो।

यस निर्देशिका तयार पार्न सहयोग र महत्वपूर्ण योगदान पुर्याउहुने नेपालको वाणिज्य मन्त्रालयमा रहेको ब्यापार तथा निर्यात सम्वर्धन केन्द्र (टीईपीसी) का साथै अन्य सबै सार्वजनिक र निजी संस्थाहरुलाई आईटीसी कृतज्ञता प्रदान गर्दछ ।

जन गणतन्त्र चीनको वाणिज्य मन्त्रालयको सहयोगमा यो आईटीसी परियोजनाले एशियाका सबैभन्दा कम विकासशील देशहरु (एलडीसी) को निर्यात क्षमताको बिकास गर्न पहल गर्छद । यस परियोजनाको लक्ष्य एसियाका अति कम विकासशील ६ वटा देशहरु अफगानिस्तान, बग्लादेश, कम्बोडिया, लाओस पिपुल डेमोक्रेटिक रिपब्लिक, म्यान्मार र नेपालका घरेलु तथा साना आकारका उद्यमहरु (एसएमई) को चीनमा निर्यात क्षमता वढउनु हो। यस प्रकार यो परियोजनाले यि देशहरुलाई एशियाको सबैभन्दा ठूलो र अधिक गतिशील आयात बजारको लाभ लिनुका साथै लक्षियत क्षेत्रहरुमा अन्तर्राष्ट्रिय व्यापार बढाउन उत्प्रेरित गर्दछ।

यस निर्देशिकामा व्यक्त गरिएका विचारहरु परामर्शदाताहरुका हुन् र सबै अभिव्यातिहरु अन्तर्राष्ट्रिय व्यापार केन्द्रसँग मेल खाँदैनन्। यस निर्देशिकामा उल्लेख भएका पद र यसका सामाग्रीहरुको प्रस्तुतीकरणले कुनै पनि देशको कानुनी स्थिति, क्षेत्र, शहर या यसको अधिकारक्षेत्र वा सिमा सिमितता बारेका विषयमा अन्तर्राष्ट्रिय व्यापार केन्द्रले कुनै पनि राय अभिव्यक्तिको गर्दैन।

उल्लेखित फर्महरु, उत्पादनहरु र उत्पादनका ब्रान्डहरुलाई आईटीसीले सर्मथन गर्दैन।

यो मार्गनिर्देशिका अन्तर्राष्ट्रिय व्यापार केन्द्रद्वारा औपचारिक रुपमा सम्पादन गरिएको छैन ।

© अन्तरराष्ट्रिय व्यापार केन्द्र २०१८

# बिषय सुची

**कृतज्ञता** IV

**बिषय सुची** V

**तालिका, आँकडा** VII

**संक्षिप्त रुप** VIII

**अध्याय ०: नेपालमा घरेलु तथा साना उद्योगहरु** 1

**अध्याय १: नेपालमा गलैंचा बारे एउटा छोटो बिश्लेषण** 3

**अध्याय २: मामिला अध्यान** 8

**अध्याय ३: नेपालबाट चीनमा गलैंचा निर्यात गर्ने चरणबद्ध प्रक्रियाहरु** 10

चरण १: कम्पनि दर्ता 10
चरण २: स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्र लिने 11
चरण ३: व्यवसाय संचालनको लागि आर्थिक स्रोतको व्यवस्थापन 12
चरण ४: निर्यात कम्पनि दर्ता 12
चरण ५: आयातकर्ताहरुसँग सम्वन्ध वनाउनेः निर्यातका लागि तयार हुने 13
चरण ६: कागजातहरुको तयारी 15
चरण ७: फ्रेट फरवाडिङ 16
चरण ८: परिवहन सम्झौता र आयातकर्तासँग घनिष्ट सम्वन्ध बनाउने 18
चरण ९: कर्मसियल बैंक सँग छलफल वा कागजात पेश गर्ने । 19

**गलैंचा निर्तया प्रक्रियामा आइपर्ने अन्य विविध चरणरु** 19

प्याकिङ 19
विमा 19
टर्मिनल र पोर्ट अपरेसन 20
एयरलाईन्स र सीलाईनर्स 20
प्रोत्साहन दावी 21
सडक र समुद्रवाट आएका समान सिमापार गर्न 21

**अध्याय ३: चीन विशेष आवश्यकताहरु** 21

३.१ चिनमा हुने आयत प्रक्रियाहरु 21
चरण १: HS कोडको निर्धारण गर्ने 22
चरण २: गुणस्तर पर्यवेक्षण, निरीक्षण र क्वारेंटाइन प्रशासन (AQSIQ) मा दर्ता हुने 23
चरण ३: आयात ईजाजतपत्र लिने 23
चरण ४: चिनियाँ उत्पादन मापदण्ड 24
चरण ५: कागजातको तयारी 25
चरण ६: उत्पादनको नमुना तयार पार्ने 25
चरण ७: सामान पठाउने र कर तिर्ने 26

**३.२ चीनमा हुने आयात प्रक्रिया** 26

चरण १: प्रभावकरी आयात सम्झौता गर्ने 28
चरण २: लेटर अफ क्रेडिट (एल सी) 28
चरण ३: स्थान रिजर्व गर्ने र सामान पठाउने 28
चरण ४: विमा 28
चरण ५: कागजातहरु जाँचबुझ र भुक्तानी गर्ने 28
चरण ६: भन्सार जाँचपास र समान प्राप्ती 28
चरण ७: जाँच, प्राप्ति र सामान वितरण 28
चरण ८: क्षतिपूर्तिको दावी 29

**३.३ चीन निर्यात गर्दा आवश्यक** 30

**३.४ सडक र समुद्रबाट कार्गो पठाउने चरणवद्ध प्रक्रियाहरु** 31

**अध्याय ४: निर्यातकहरुको लागि सहायता** 34

**अध्याय ५: परिशिष्ट** **42**

५.१ सम्बन्धित कानून र नियमहरु 42

५.२. केहि छानिएका फ्रेट फरवार्डर्सहरुको सम्पर्क विवरण 43

# तालिका, आँकडा


तालिका १: नेपालबाट चीनमा निर्यात हस्त निर्मित ऊनको गलैंचा (मध्य-जुलाई २०१६ देखि मध्य-जुलाई २०१७ सम्म) 4
तालिका २: प्रक्रिया: नेपालमा निर्यातकहरुका लागि आवश्यक बिशेष कागजातहरु 30
तालिका ३: प्रक्रिया: चीनमा आयातकर्ताका लागि आवश्यक बिशेष कागजातहरु 30
तालिका ४: सडकबाट निर्यात हुने: सडकबाट कार्गो पठाउने चरणवद्ध प्रक्रियाहरु 31
तालिका ५: हवाईबाट निर्यात हुने: हवाईबाट कार्गो पठाउने चरणवद्ध प्रक्रियाहरु 32

आँकडा १: चीनमा निर्यात हस्त निर्मित ऊनको गलैंचा 5
आंकडा २: नेपालबाट चीनमा गलैंचा निर्यात गर्ने प्रक्रियाहरु 10
आकडाँ ३: चीनमा हुने चरणवद्ध आयत प्रक्रियाहरु 22

# संक्षिप्त रुप

| | |
|---|---|
| APC | Advanced Payment Certificate |
| AQSIQ | Administration of Quality Supervision, Inspection and Quarantine (AQSIQ) |
| ASYCUDA | Automated System for Customs Data |
| B/L | Bill of Lading |
| CBS | Central Bureau of Statistics |
| CFS | Container Freight Station |
| CGN | Consulate General of Nepal |
| CHA | Customs House Agent |
| CIF | Cost, Insurance and Freight |
| CO | Country of Origin |
| CoC | Chamber of Commerce |
| COO | Certificate of Origin |
| CRO | Company Registrar’s Office |
| CRM | Customer Relationship Management |
| CSID | Cottage and Small Industries Department |
| CSIDB | Cottage and Small Industry Development Board |
| CTD | Customs Transit Declaration |
| CTEVT | Council for Technical Education and Vocational Training |
| DCD | Double Country Declaration |
| DoC | Department of Commerce |
| ECON | Export Council of Nepal |
| EU | European Union |
| FCA | Free Carrier |
| FCR | Forwarders’ Certificate of Receipt |
| FHAN | Federation of Handicraft Association of Nepal |
| FNCCI | Federation of Nepalese Chamber of Commerce and Industries |
| FNCSI | Federation of Nepalese Cottage and Small Industries |
| FOB | Free on Board |
| FY | Fiscal Year |
| GAN | Garment Association of Nepal |
| GSP | Generalised System of Preference |
| HAWB | House Airway Bill |
| HBL | House Bill of Lading |
| HS Code | Harmonised System Code |
| IATA | International Air Transport Association |
| INCO | International Commerce |

| | |
|---|---|
| IRO | Inland Revenue Office |
| LCCI | Lalitpur Chamber of Commerce and Industries |
| IT | Information Technology |
| ITC | International Trade Centre |
| L/C | Letter of Credit |
| LDC | Least Developed Country |
| MAWB | Master Airway Bill |
| MBL | Master Bill of Lading |
| MCD | Multiple Country Declaration |
| MEDPA | Micro Enterprises Development Project for Poverty Alleviation |
| NTIS | National Trade Integration Strategy |
| NTM | Non-Tariff Measure |
| PAN | Permanent Account Number |
| REX | Registered Exporter |
| SAD | Single Administrative Document |
| SAWTEE | South Asia Watch on Trade, Economics and Environment |
| SME | Small and Medium Enterprise |
| TAR | Tibetan Autonomous Region |
| TEPC | Trade and Export Promotion Centre |
| TIA | Tribhuvan International Airport |
| VAT | Value Added Tax |
| WTO | World Trade Organisation |

## अध्याय ०: नेपालमा घरेलु तथा साना उद्योगहरु

घरेलु तथा साना उद्योगहरु सवै देशको दिगो आर्थिक गतिविधिहरुको एउटा महत्वपूर्ण हिस्सा हो । अधिकांश देशको अर्थ व्यवस्थामा यसले सवै व्यवसायहरु गरी ९५ देखि ९९ प्रतिशतसम्म योगदान गर्दछ । निर्यातमा प्रमुख भुमिका घरेलु तथा साना उद्योगहरुको नै हुन्छ । उदाहरणका लागि संयुक्त राज्य अमेरिकामा ९८ प्रतिशत निर्यातकर्ताहरु घरेलु तथा साना उद्योग सञ्चालकहरु नै छन् जसले कुल निर्यातको ३३ प्रतिशत हिस्सा ओगटेको छ । घरेलु तथा साना उद्योगहरुले ठुलोमात्रामा रोजगारीको अवसर प्रदान पनि गरेको छ । जसमा कम आम्दानी भएका देशहरुमा ७३ प्रतिशत र बिकसित देशहरुमा ६६ प्रतिशत रोजगारी प्रदान गरेको छ । यिनीहरु विश्व मुल्य श्रृखंलामा पनि प्रमुख योगदान कर्ता नै हुन् ।

नेपालको अर्थव्यवस्थाको सवै क्षेत्रमा पनि घरेलु तथा साना उद्योगहरुले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । यसले बिभिन्न सेवा प्रदान गर्ने, रोजगारीका अवसर सृजना गर्ने तथा स्थानीय स्रोत र साधनहरुको प्रयोग गरेर ग्रामिण तहका जनताको आयआर्जन बृद्धि गर्न सहयोग पुर्याईरहेको छ । नेपालमा रहेका अधिकांश घरेलु तथा साना उद्योगहरुले खाद्य सामाग्री उत्पादन र प्रशोधन गर्ने, उपभोत्तामुखी र घरायसी सामान तयार गर्ने, कपडा र कपडाजन्य सामाग्री उत्पादन र स्वदेश तथा विदेशमा निर्यात गर्ने गर्दछन् । बिशेषगरी नेपालका घरेलु तथा साना उद्योगहरु चामल, तेल, दाल र आटा मिलहरु, दुग्धजन्य पदार्थ, चिसो हल्का पेय पदार्थ, फलफूलका जुस तथा प्रसोधित उत्पादनहरु नुडल्स, बिस्कुट र हल्का खाजाका उत्पादनहरु, चकलेट र कैन्डीहरु, मिनरल वाटर, सागपात सुकाएर प्याक गर्ने र अन्य उपभोक्ताहरुलाई आवश्यक सामानहरु तयार पार्ने गतिविधिमा संलग्न भएका छन् । नेपालमा अन्य घरेलु तथा साना उद्योगहरु काठजन्य उद्योगहरु, काठ तथा धातुका हस्तकला, हातेकागज र कागजजन्य उत्पादनहरु, कपडा र गहनाहरु, ऊनीका गलैंचा, पश्मिना, सल र छालाका सामाग्रीहरु उत्पादन गर्ने काममा संलग्न छन् । धातु र प्लाष्टिकजन्य घरायसी सामाग्रीहरु, काठ प्लाष्टिक र धातुका फर्निचरहरु, प्रिन्टिङ प्रेस पोलिथिन पाईप, भाडाकुडा, जुटका उत्पादन, पोल्ट्री उत्पादन, पशुपंक्षी उत्पादन, फलामका किला रड, स्टिलका सामान, कालो पाईप, रवरका पाईप र ट्युब, प्लाईउड र बोर्ड, रंगीन रंगहरु र जिंक अक्साइहरुको क्षेत्रमा पनि नेपालमा घरेलु तथा साना उद्योगहरु संलग्न रहेका छन् ।

कृषिमा आधारित उद्याग जस्तै चिया, सागसब्जी तथा वागवानी उत्पादन, डेरी र दुग्ध उत्पादन, पशुपालन र फूल उत्पादनको क्षेत्रमा पनि घरेलु तथा साना उद्योगहरुले लगानी सुरु गरेका छन् । निजी क्षेत्रको पूर्वाधार विकासका लागि लगानीको शुरुवात भएयता, लघु जलविद्युत, पर्यटन, रिसोर्ट र रियल स्टेटका क्षेत्रमा पनि लगानी गर्न थालिएको छ । नेपालमा दर्ता नभएका थुप्रै लघु, घरेलु र पारिवारिक स्तरका उद्योगहरुले पनि मौसमी रुपमा काम गर्ने गरेका छन् । औद्योगिक व्यवसाय ऐन २०७३ ले घरेलु तथा साना उद्योगहरुलाई केही मात्रामा भएपनि प्रोत्साहन र सुविधा प्रदान गरेको छ । यसमा आयकर सहुलियत, भ्याट छुट, भन्सार शुल्क छुटका साथै महिला उद्यमीहरुलाई अतिरिक्त फाइदा र सुविधाहरु दिएको छ । घरेलु तथा साना उद्योगका उत्पादनहरु सवै सामान ढुवानीकर्ताले हवाई मार्गहुदै नेपालबाट चीन ढुवानी गर्न सक्दैनन् ।

यहां एयरलाईन्ससंग अधिकृत सम्झौता भएका सीमित एजेन्टहरुले चीनका एजेन्टहरुसंग मिलेर संयुक्त रुपमा काम गरिरहेका छन् । यसमा पनि सवै एजेन्टहरुले भन्सार जाँचपासको काम नगरिदिने भएकाले पुनः सामान पुर्याउने ठाउंको भन्सारसंग बिशेष सम्झौता गर्नुपर्ने समस्या पनि उतिकै छ । समुन्द्रको बाटो गरेर कोलकात्ता बन्दरगाहबाट चीन हुंदै सामान पठाउंदा पनि चीनको स्वायत्त क्षेत्र तिब्बतमा पुर्याउन निक्कै समस्या रहेको छ । यसमा पनि नेपाल र चीनबीचको सिमा क्षेत्रमा परिवहन शुल्क निकै महंगो छ । भन्सार एजेन्ट र भन्सार छुटाउने शुल्क पनि निकै महंगो छ ।

यसैबीच नेपाल बिश्व व्यापार संगठनमा प्रवेश गरेपछि आफ्नो प्रतिवधता अनुसार मुल्यमा समायोजन भएको थियो । जसमा घरेलु व्यवसायहरुलाई सहज र संरक्षण गर्न सहयोग गरेको छ । यस्ता बीच बीचमा हुने परिवर्तनहरुले नेपालमा घरेलु तथा साना उद्योगहरुलाई आफ्नो उत्पादन बिश्वबजारमा निर्यात गर्न र आयातित सामानहरुसंग प्रतिस्पर्धा गर्न गाहे भएको छ ।

यससन्दर्भमा नेपालमा घरेलु तथा साना उद्योगहरुको चुनौती र अवसरहरुको विकास गर्न, सीमावर्ती प्रक्रियाहरु बरेमा जागरुकता र चीनमा सामान निर्यात गर्न यो निर्देशिकाले महत्वपूर्ण योगदान पुर्याउनेछ । यसको लक्ष्य नेपालका घरेलु तथा साना उद्योगहरुलाई सशक्तिकरण गर्नुका साथै चीनमा निर्यात क्षमता बढाउनु नै हो ।

## अध्याय १: नेपालमा गलैंचा बारे एउटा छोटो बिश्लेषण

नेपालमा गलैंचा निर्माणको सुरुवात सन् १९८० को दशकबाटै भएको पाईन्छ । त्यसको करिब चार दशक भित्रै यो नेपालको सवैभन्दा प्रमुख र ठूलो निर्यात बस्तुको रुपमा उदाएको पाईन्छ । सन् २०१५ मा उनको गलैंचाले विश्वबजारमा ७.८ प्रतिशत हिस्सा ओगट्नुका साथै विश्वका सवै देशहरुमा आफ्नो बजार सुनिश्चित गरेसँगै युरोपमा सवैभन्दा बढि शेयर बजारको हिस्सा ओगट्न सफल भएको देखिन्छ । हालैका वर्षहरुमा छिमेकी राष्ट्र चीनमा समेत यसले आफ्नो बजार सुनिश्चित गरेको छ । अन्तराष्ट्रिय ब्यापार संगठनको भनाई अनुसार चालु आर्थिक वर्षमा नेपालको गलैंचा निर्यातले रु २२०.१० मिलियन मित्रराष्ट्र चीनमा मात्र निर्यात भएको देखिन्छ । नेपालबाट चीनमा निर्यात हुने सम्पूर्ण वस्तुहरुको १२.९४ प्रतिशत हिस्सा गलैंचाले मात्र ओगटेको तथ्याङ्क छ (टेलव एकको चित्र एकमा हेर्न सकिन्छ ) । चीनको स्वसासित क्षेत्र तिब्बतमा समेत ठूलो मात्रामा गलैंचा भुईं, सोफा, कार, गुम्बा, ओछ्यानमा मात्र नभएर पम्परागत कला तथा रंगमा प्रयोग भईरहेको पाइन्छ ।


नेपाली गलैंचा निर्माणमा हातबाटै बढि काम गर्ने गरिन्छ । जसमा ६० देखि १५० वटा धागाहरु प्रति वर्ग इन्चमा प्रयोग गरिएको पाइन्छ । यही अद्वितीय फरक निर्माण प्रक्रियाकै कारणबाट नेपालको उनबाट हस्त निर्मित गलैंचाले युरोपका बिभिन्न ब्यवस्थित बजारमा मात्र नभएर संसारका विकशित राष्ट्रहरुमा आफ्नो स्थान सुनिश्चित गरेको छ । चीन आफैमा एउटा ठुलो, सफल गलैंचा उत्पादक तथा वितरक भएतापनि नेपाली हस्त तथा विज्ञ निर्मित उन गलैंचाको एउटा छुट्टै नमुना र गुणको कारणले चीन जस्तो विश्व बजारमा राज गरेको देशमा पनि आफ्नो स्थान र क्षेत्र खोल्न सफल भएको छ । यसरी चीन जस्तो ठुलो बजारमा नेपाली गलैंचा बढि मात्रामा र लगातार खपत हुन सक्ने विश्वास लिन सकिन्छ । अझपनि नेपाल र चीन बीचमा भएको आयात निर्यात सम्झौता सन् २०१६ मार्च ( सन्धि–सम्झौता पारित हुने योजनामा छ ) ले गलैंचा लगायतका अरुपनि उत्पादनले चीनको बाटो हुँदै अन्य तेस्रो मुलुकहरुमा आफ्नो बजार सुनिश्चित गर्न सक्नेछ भन्ने विश्वास लिन सकिन्छ ।

तालिका १: नेपालबाट चीनमा निर्यात हस्त निर्मित ऊनको गलैंचा (मध्य-जुलाई २०१६ देखि मध्य-जुलाई २०१७ सम्म)

| HS कोड | विवरण | मात्रा (वर्ग मि मा) | मूल्य ('000 रु मा) | जम्मा निर्यात मुल्य प्रतिशत |
|---|---|---|---|---|
| ५७०११० | गलैंचा र कातेको धागो वा जनवारको शुद्ध रौंले ढाकेको, अन्य भुईमा बिछ्याउने कपडा | १०७,६२२ | २१८,८९५ | १२.८ |
| ५७०१९० | गलैंचा र अन्य भुईमा बिछ्याउने कपडा, कातेको धागो(प्राकृतिक र कृतिम जे हुन सक्छ, ऊन र जनवारको शुद्ध रौं बाहेक) | ९०२ | १०२८ | ०.०६ |
| ५७०२२० | नरिवलको जट्टाबाट तयार गरिएको भुईमा बिछ्याउने, बुनेको, प्राकृतिक वा कृतिम जे हुन सक्छ । | ५४० | ५९ | ०.००४ |
| ५७०४१० | फ्लोर टाइलहरु, फेल्ट वा फ्लक बन्द नगरिएको, <= ०.३ वर्ग मीटरको क्षेत्रफल भरी | १२ | १६ | ०.०००९ |
| ५७०४९० | गलैंचा र अन्य फ्लोर कवरिंग, फेल्ट वा फ्लक बन्द नगरिएको, वा नबनाएको (फ्लोर टाइलहरु, <= 0.3 वर्ग मीटरमा छोडेर) | १२५ | १०२ | ०.००६० |
| हातले बुनेका गलैंचाको निर्यात मुल्य | | | २२०,१०० | |
| नेपालले चीनमा मात्र निर्यात गरेको | | | | १,७०१,४७९ |
| हातले बुनेका ऊनका गलैंचा निर्यात प्रतिशत, जम्मा निर्यात मुल्याङ्कन | | | | १२.९ |

स्रोत: भन्सार विभाग

आँकडा १: चीनमा निर्यात हस्त निर्मित ऊनको गलैंचा




वास्तवमा, चीनका प्रमुख क्षेत्रहरुमा भन्दा पनि तिब्बतमा मुख्य बजार क्षेत्र छन् । चीनका मुख्य क्षेत्रहरुमा भन्दा तिब्बतका बजारहरु फरक पनि छन् । तिब्बतमा गलैंचाको प्रयोग सोफा, कुर्सी तथा त्यसमा ढल्कने भागमा प्रयोग भएको पाइन्छ । नेपालको गलैंचाको माग तुलनात्मक रुपमा चीनको स्वसासित क्षेत्र तिब्बतमा बढि रहेको छ । यसको मोटोपन र न्यानोपनका कारण यो अरुभन्दा पृथक पनि छ । यस प्रकारका उत्पादनहरुको माग युरोपका बजारहरुमा जस्तै चीनका अरु बजारहरुमा पाइन्छ । नेपाली गलैंचाले जर्मनीको बाटो गरी चीनमा समेत बजार लिएको पाइन्छ । जर्मनीका होलसेलहरुले चीनका थोक बिक्रेताहरुसँग व्यापारिक सम्बन्ध राखेको पाइन्छ । यस्तो अवस्थामा नेपाल आफैंले सिधैं चीनमा व्यापार गर्न सके तुलनात्मक रुपमा बढि पैसा लिन सकिन्छ ।

गलैंचा उत्पादन एक पटक सवैभन्दा बढि र ठुलो निर्यात बस्तुको रुपमा रह्यो जसले बिदेशी पैसा अरु निर्यातित बस्तुले भन्दा बढि जम्मा गर्न सफल रह्यो । युरोपको आर्थिक मन्दी र उत्पादन लागत मजदुर र कच्चा पदार्थको उच्च मुल्यका कारण घट्न पुगेपनि चीन र तिब्बतमा भने यसको कुनै असर रहेन । नेपाल गलैंचा निर्यात संघको भनाईमा नेपालमा हाल ८४ वटा निर्यात क्षेत्र रहेका छन् भने १५ हजार जना कामदारले प्रत्यक्ष अप्रत्यक्ष रुपमा रोजगारी पाएका छन् । यीनै ८४ वटा निर्यात क्षेत्रहरु मध्ये ८ वटा मुख्य क्षेत्रले तिब्बतको निर्यात गर्छन् । बिगतमा गलैचा कम्पनिमा फरक–फरक तह र प्रकारका कामदाहरु नियुक्त हुन्थे तथापी हाल आएर ती कार्यरत मजदुरहरु गलैंचाको काम छोड्दै खाडी राष्ट्रमा यो भन्दा राम्रो काम र दामको आशमा बिदेशिने क्रम बढ्दो छ । यसरी मजदुरहरुको बिदेशिने क्रम नरोकिने हो भने नेपाली गलैंचा उद्योगले बजारमा राम्रो प्रतिस्पर्धा गर्न सक्दैन् । यसै सम्बन्धमा, यदि हामीले गलैंचा कम्पनीलाई सुचारु गर्ने हो भने मजदुर बिमा, स्वास्थ्य बिमा गर्ने तर्फ सोच्नु पर्छ । नेपालमा गलैंचा उद्योगको राम्रो  सञ्चालन गर्न र बिगतका अनुभवलाई प्रयोग गर्न मजदुहरुको ज्यालामा बृद्धि गरी उनीहरुको सुरक्षित आर्थिक अवस्था सृजना गर्न सके काम छाडी बिदेश पलायन हुनबाट रोक्न सकिन्छ ।

गलैंचा उद्योग नेपाल सरकारका साथै अन्य संघ संस्थाहरुको समेत साथ पाएको परिप्रेक्षमा आज नेपालबाट निर्यात हुने बस्तुहरु मध्ये सवैभन्दा बहुमुल्य बस्तुको रुपमा परिचित भईसकेको छ । नेपालबाट निर्यात हुने कुल १२ वटा बस्तु मध्ये गलैंचा मुख्य निर्यात हुने बस्तु रहेको कुरा अर्थ मन्त्रालयले स्वयं प्रष्ट पारेको छ । साथै गलैंचा निर्यात गर्न सक्ने बलियो सम्भावना नेपाल सरकारसँग रहेको कुरा नेपाल ब्यापार सांगठनिक योजना (NTIS) २०१६ मा उल्लेख छ । देशको सवैभन्दा ठुलो निर्यातित बस्तु, जसले ठुलो मात्रामा रकम नेपाल भित्र्याएको यथार्थ नेपाल सरकारले पुष्टि गरेको छ । हालका दिनहरुमा गलैंचा कोलकात्ता (पानीजहाज), तातोपानी (गाढी) तथा हवाईजहाज मार्फत निकाशी हुदै आएको छ । तिब्बतमा निर्यातका लागि तातोपानी ( भूकम्प पछि सो बाटो अवरुद्ध भएपछि रसुवाको केरुङ भएर निकासा भईरहेको ) मुख्य बाटो बनेको छ । यस्तै कोलकात्ता, चीनका प्रमुख शहरहरु ग्जान्जाओ, सांघाई र बेईजिङका लागि प्रयोग भइरहेको छ । गलैंचा व्यापारको निर्यातका लागि तिब्बत नै नेपालको सवैभन्दा ठुलो गन्तब्य बनेको छ । केही व्यापारिहरुले ३ ट्रक गलैंचा लिएर तातोपानी नाका हुँदै सिगात्सेको यात्रा गरेका थिए । ब्यापार–निर्यात उत्थान मञ्चको आवश्यकीय प्रक्रिया पुरा गरेपछि यो व्यापार तय भएको थियो । यो व्यापार मेला हरेक २ वर्षमा एक पटक सितात्सेमा आयोजना गर्ने गरिन्छ । चीनका अधिकारीहरुले जब व्यापारीहरु चीनमा आयोजना भएको प्रदर्शनी हेर्न पुग्छन् तब व्यापार–निर्यात उत्थान संघको कागजपत्रहरु हेर्ने गर्छन् । यस किसिमका सुचनाका स्रोतहरु क्रेता तथा व्यापार मेला र प्रदर्शनीबाट संकलित गरिएका हुन् ।

नेपाली निर्यातकर्ताहरुले यी उत्पादनहरु करिब १२५ देखि १७० यूएसडी प्रति वर्ग मिटरसम्म बेच्ने गर्छन तर यो मुल्य भन्सार शुल्क प्रति वर्ग मिटरको २० यूएसडी तिरेपछि तय भएको हो । यातायात शुल्क धेरै लाग्ने र भुक्तानी उधारो नहुने गरेको पाइन्छ । यसरी पारस्परिक सहयोगमा कुनै पनि कागजपत्र बिनै काम गर्दा निर्यातकर्तालाई मात्र भर परी निकै जोखिम छ तथापी आर्थिक संघ–संस्थाहरुबाट भईरहेको गलैंचा प्रतिको आर्थिक कारोवार राम्रो देखिन्छ तर केही सम्झौताहरु पालना गर्न बाँकी नै छ । जसले बिदेशमा निर्यात गरिरहेका छन् । उनीहरुले ६–८ महिनामा २ प्रतिशतले आन्तरिक राजस्व कर तिर्नु पर्ने कुरा प्रभावकारी देखिदैन ।

धेरै जसो गलैंचा ब्यापार–निर्यात प्रक्रिया नेपाली कार्गो कम्पनीहरुसँग भर पर्ने गर्छन् । चीनमा कम्पनीहरुसँग काम गर्दा भाषाको कारणले समस्या पर्छ । जहाँ एउटा सानो गलत बुझाईले पनि सिंगै वार्तालापमा असर पुग्न सक्छ । कार्गो कम्पनिहरुलाई निर्यातको जिम्मा दिएपछि त झन नेपाली निर्यात व्यापारीहरुले सवै कुरा बुझ्न सक्दैनन् । कहिलेकाहीं उनीहरु गलैंचा व्यापारीसँग भुक्तानी कागजात माग्छन् नत्र बांकी सवै काम, प्रक्रिया वा कागजात मिलाउने काम कार्गो कम्पनीले नै हेर्ने गर्छ ।

नेपाली गलैंचा कम्पनीहरुसँग आतिरिक्त राजस्व शुल्क नलागेको तथा उच्च गुणस्तरको गलैंचाको माग भईरहेको छ । नेपाली गलैंचा उत्पादकहरु गलैंचा उत्पादनमा कुनै पनि कृतिम रसायनहरुको प्रयोग नगरिने कुरामा बिश्वस्त छन् । आयातित कच्चा पदार्थको बिशेषताबाट नै गुणस्तर कायम गरिन्छ । जसमा ३० प्रतिशत तिब्बती उन र ७० प्रतिशत न्युजिल्याण्डको उनको मिश्रण पश्चात तय गरिन्छ । वातावरण र यसको हानीलाई रोक्ने उद्धेश्यले सरकारले यस्ता कम्पनिहरु खोल्न र सञ्चालन गर्न अनिवार्य अनुमति आज्ञा लिनु पर्ने ब्यवस्था गरेको छ । सरकार र अन्य संघसंस्था जस्तै केयर एण्ड फेयर र रुगमार्क हरुको संयुक्त पहलबाट गलैंचा कारखानमा बालबालिकाको प्रयोग निषेध गरिएको छ ।

नेपाल जस्तो अतिकम बिकशित देशहरुका लागि बिश्व ब्यापार संगठनले एउटा उचित ब्यापारको गन्तब्य तयार गरिदिएसँगै नेपाली गलैंचा उत्पादनले बिना अतिरिक्त शुल्क चीनमा आफ्नो बजार क्षेत्र फराकिलो बनाउँदै लगेको छ । नेपालका निर्यातकर्ताहरुले यसलाई सही तवरले प्रयोग गर्न सके गलैंचा लगायतका अन्य निर्यातित बस्तुहरुले राम्रो बजार लिन सक्ने छन् । यसको अलावा, संयुक्त ब्यापार क्षेत्र खोल्न सके नेपाली उत्पादनहरुको दुरुपयोग हुनबाट बच्नुका साथै कसैले नेपालको ब्यापारिक चिन्ह खरा वगर्न सक्ने थिएन। सरकारले पनि यस्ता अतिरिक्त शुल्क नलाग्ने निर्यातित बस्तुहरुमा ध्यान दिन आवश्यक छ । उत्पादन गर्ने र

**निर्यात प्रबन्धन निर्देशिका: गलैँचा नेपालबाट चीन निर्यात गर्ने प्रक्रियाहरू**

निर्यात गर्ने क्रममा देखा परेका असहज परिस्थितिको बाबजुद पनि नेपाली गलैंचा उद्योगले बिश्व बजारमा एउटा राम्रो क्षेत्र ओगट्न सक्ने थुप्रै सम्भावनाहरु रहेका छन् ।

नेपालका निर्यातकहरु चीनमा गलैंचा निर्यात गर्दा निम्न समस्याहरूको सामना गरिरहेका छन्:

• चीनमा सामानहरूको आयात क्रेडिटको पत्र मार्फत गरिन्छ। चिनियाँ खरिदारहरूले क्रेडिट पत्रको स्वीकृति नगर्ने कारणले गलैंचा निर्यातकर्ताहरूले समस्याको सामना गर्नुपरेकोछ। उत्पादनको ठूलो मात्रामा चीनको तिब्बत स्वायत्त क्षेत्रमा बेच्न सकिन्छ। चीनको मुख्य क्षेत्रमा प्रक्रियाहरु पालन र पुरा गर्न सारै गाह्रो हुन्छ।

• सडक यातायात अत्यन्तै महंगा छ। कोलकाता बंदरगाहदेखि चीनमा अन्तिम गन्तब्य स्थल  तिब्बत स्वायत्त क्षेत्रमा सामान पठाउदा जहाज र बन्दरगाह भन्सारको कारण परिवहनमा कठिनाई सामना गर्नुपर्नेहुन्छ। तिब्बती क्षेत्रमा अन्तिम गन्तब्यमा रु।

• एयरलाइन्सले तिनीहरूको आफ्नै व्यवस्था गरेका छन् र त्यसैले सबै फ्रेट फर्वार्डरहरु तिनिहरु बाट सामानब्यावस्थापन गर्न मन पराउदैनन्। उनी नेपालमा स्थापित चिनियाँ फ्रेट फर्वार्डरहरूलाई रोज्ने गर्दछन।

खराब योजनाको कारणले निर्यातको बेलामा सामान्य डर पनि लाग्ने गर्दछ। खराब योजनाले निन्न कुरामा समस्याहरु निम्त्याउन सक्दछ:

- कुराकानीको बेला, गलत एल सी र भक्तानीमा
- CIF, Ex Work, FOB, FCA जस्ता मुद्दालाई समाबेस नहुदा
- चाहिने कागजत नहुदा
- चोरी चकारी
- प्याकिङ्ग र लेभलमा
- हवाई र समुन्द्रबाट सामान पठाँउदा मिति उल्लेख नहुदाँ
    - एलाइन्सको ढिलाइले
    - जहाजले ढुवानीमा विलम्ब गर्नाले
- गन्तव्य विन्दुमा चाहिने कागजातहरुको ज्ञान नहुदाँ
- समन्वयकर्तासँग खराब सम्झौताहुँदा
- परिबहनको विश्वसनियताले
- ढुवानी र CHA सँग सम्बन्धित समस्याहरु र तिनको विश्वस्नियता र उत्तरदायत्वले
- गुणस्तर प्रमाणपत्र र सम्बन्धित मन्त्रालयहरुबाट अनुमति नलिएको खण्डमा
- निरिक्षण र गुणस्तरका समस्याले
- विवाद समाधान नहुँदा

बक्स १

नेपाली हस्त निर्मित ऊन गलैंचाको प्रतिस्पर्धात्मक फाइदा

१. अन्तराष्ट्रिय बजारमा गतिलो पहिचान ।

२. फरक पहिचान, बनावट र नमुना गलैंचाहरु अरुतिर प्रति वर्गमिटरमा १५० वटा तानहरु भएको कमै पाइन्छ । उपयुक्त रंगहरुको संयोजनमा वौदिक धर्मको आत्मपरक बनावटको माग तिब्बतमा उच्च रहेको छ ।

३. उच्च गुणस्तर नेपाली गलैंचा ७० प्रतिशत न्युजिल्याण्ड, र ३० प्रतिशत तिब्बती ऊनको समिश्रणबाट कातेको धागोबाट बनेको हुनाले यसको माग अन्तराष्ट्रिय बजारमा उच्च छ ।

४. ऊन गलैंचा निर्माणमा नेपालको मानव आयस्तरलाई ध्यान दिएर मुल्य निर्धारण गरिएको छ ।

५. नेपाली गलैंचा सजिलै बिशेष उत्पादनको श्रेणीमा पर्छ । मेशिनबाट निर्मित गलैंचामा कहिलेकाहीं देखिने निम्न स्तरको कोटी जस्तो यसमा कुनै समस्या देखिदैन ।

६. नेपालमा पाइने अल्लो र पाटा अरु भन्दा भिन्न पहिंचान भएका बस्तु हुन र यीनै फरक पहिचानले नेपाली गलैंचाको माग बिश्वका मुख्य बजारमा छ ।

७. कुनै रसायनिक समिश्रण नगरिकनै शुद्ध प्राकृतिक र परंपरागत शैलीबाट प्रशोधिन गरिएकाले बिश्वबजारमा प्रशंसित छ ।

# अध्याय २: मामिला अध्यान

बक्स २ छिरिङ तेन्सेनको कथा

छिरिङ तेन्सेन एक जना नया व्यावसाही हुन्। उनले १० वर्ष एउटा ठुलो कम्पनीमा निर्यातकर्ताका रुपमा काम गरेका थिए जुन चीनमा गलैंचा निर्यात गर्ने कामसँग जोडिएको थियो । त्यही कामको शिलसिलामा उनले निर्देशकीय क्षमता तथा समय मै सामान कसरी ढुवानी गर्न सकिन्छ भन्ने कुराको ज्ञान हासिल गरेका थिए । त्यही ज्ञानबाट उनमा आत्मविश्वास जागेर आयो जसको परिणाम स्वरुप उनले आफ्नो कम्पनी सुरु गरे।यसबाट हस्त निर्मित गलैंचा चीनमा निर्यात गर्न सकिन्थ्यो ।

सुरुका दिनहरुमा कसरी निर्यातकर्ताको काम गर्ने र कसरी आर्थिक सहायता जुटाउने भन्ने समस्याको निदान खोज्दै गए । सुरुमा उनले व्यापार तथा निर्यात प्रवर्धन केन्द्रसँग परामर्श लिए जसको सल्लाह बमोजिम उनले आफ्नो ब्यापारिक तथा निर्यातकर्ताको यात्रा सुरु गरे । तीनै व्यापार तथा निर्यात प्रवर्धन केन्द्रका परामर्शदाताहरुको सल्लाह बमोजिम आफ्नो अचल सम्पत्ति बन्धकी राखेर एउटा बैंकबाट कच्चा पदार्थ संकलनका लागि ऋण लिए । अझ तिनै परामर्शदाताको सहयोगमा चीनमा रहेका निर्यातकर्ताहरुको नाम, ठेगाना साथै अन्य विवरणहरु उनले हासिल गरे । त्यसपछि छिरिङले केही आशावादी निर्यातकर्ताहरुलाई गलैंचाका केही बनोटहरु जसमा रंग, गुणस्तर तथा बनोटको उचित समन्वय भएको समेत व्याख्या गर्दै पठाए । यही शिलसिलामा चीनका एक क्रेताले आफु त्यस्तो बनोटमा इच्छुक रहेको बताउदै कुरियरबाट एकएक प्रति अनुमोदनका लागि चीन पठाउन आग्रह गरे । अन्त्यमा छिरिङ र ती चिनियाँ निर्यातकर्ताबीच अन्तिम सम्झौता गर्दै बिना कुरियर शुल्क सामान निर्यात गर्ने सहमति भयो ।

बिना कुरियर शुल्क सम्झौता अन्तरगत सिमाना क्षेत्रसम्मको भन्सार शुल्क निर्यातकर्ताले बेहोर्नु पर्ने तर सम्पूर्ण ढुवानी खर्च आयातकर्ताले बेहोर्नु पर्ने भन्ने थियो । निर्यातित बस्तुको मुल्य निर्यातकताएले त्यसको कच्चा पदार्थ, मजदुर, निर्यातखर्च, प्याकिङ खर्च, भन्सार शुल्क तथा प्रतिव्यक्ति खर्चका आधारमा तोकियो । गुणस्तर, बनोट, मुल्य, पैठारी मिति पनि दुवै पक्षबीचमा भएको पारस्परिक सहमतिका आधारमा गरियो ।

सौदा–कारोवार हस्ताक्षर पश्चात निर्यातकर्ता अरु निर्यात गर्न सकिने अवसरको खोजी गर्न थाले भने सिलाई, गुणस्तर तथा समयभित्रै ढुवानी गर्ने सम्बन्धमा, अनुगमन तथा मुल्याङ्कन पनि गर्न थाले । गलैंचा तयार भएपछि एक पटक निर्यातकर्ताले प्रो फर्मा इन्भोइस  पठाउँछ र निर्यात ब्याकिङ कारोबार अथवा २५ प्रतिशत अग्रिम भुक्तानी वा वचत गरेको उधारो पत्र निर्यातित बैंकलाई पठाउँछ ।

निर्यातकर्ताले आफ्नो सेवा प्रदायकहरुको सहयोगले यातायात तथा अन्य आवश्यकीय अनुमति कागजपत्रहरु तयार पार्दछ । ती सम्पूर्ण कागजपत्रहरु जसले चिनियाँ कम्पनिलाई सामानहरु बैधरुपमा हस्तान्तरण गर्छ । कम्पनीका कागजपत्रहरु रुजु गर्ने कर्मचारीले स्वीकृत गर्छन र फेरि निर्यातकर्तालाई नै पठाईदिन्छन् । सामानहरु एकपटक भन्सारबाट छिरेपछि चीनको तोकिएको यातायात कम्पनि (जुन आयात कम्पनिसँग आवद्ध छ) ले जिम्मा लिन्छ । अन्त्यमा निर्यातकताए बैंकमा गएर भुक्तानीका लागि कागजपत्रहरुको बारेमा छलफल गर्छ । निर्यातकर्ताले एउटा आफ्नो नैतिक जिम्मेवारी बहन गर्दै आयातकर्ताको गोदामसम्म गएर समानहरु झार्ने काम गर्छ । त्यही समयमा आयातकर्ताले चिनियाँ भन्सारमा सामानहरुको गुणस्तर परिक्षण गर्नुका साथै सामानहरुको भौचर निक्र्यौल गर्छ । त्यसपछि त्यो निर्यातकर्ताले आफ्नो बैंकलाई उधारोमा भुक्तानी गर्ने शर्तअनुसारको रकम जम्मा गर्न अनुरोध गर्छ । निर्यातित बस्तुहरुको एकमात्र सफल निर्यातले छिरिङ जस्ता नयाँ निर्यातकर्ताहरुको बिश्वास बढ्दछ । सामानहरुको प्रथम निर्यातका बखत आर्जन गरेका अनुभवहरु छिरिङ तेनसेनबाट:

- लामो समयसम्म नाकामै सामान अड्केर बस्ने ।
- चिनियाँ सरकारी राजस्व सम्वन्धि संस्थाहरुबाट नाकामै सामान निकासीमा रोकावट हुने ।
- गलैंचाको मुल्य अरुको तुलनामा उच्च भएको भन्दै नाकामा सामान निर्यातमा समस्या हुने
- आयात कम्पनिको ढुवानी सेवाको भरपर्दो प्रवन्धको कमीले गर्दा सिमा निकाशी सामान जिम्मा दिन समस्या ।
- बैंकको सेवा शुल्कदर बढि हुनुको साथै बाँकी भुक्तानी प्रक्रियाको सहमति बमोजिमको कागजपत्रमा उत्तरदायीत्व पूरा नगर्ने गरेकाले सम्पूर्ण बैंकिङ कारोबार निराशाजनक हुने ।
- निर्यात कम्पनिको रजिष्ट्रेशन जसलाई ७ दिन लाग्छ, यो नै सवैभन्दा गाह्रो हुने गरेको छ । अनावश्यक कागजपत्रहरुका साथै सहमति पत्रहरु चाहिने गरेको र व्यवसायीहरु एउटा देखि अर्को कार्यालय धाउनु पर्ने झन्झट रहेको ।
- आयात–निर्यात कोर्ड दर्ता गर्ने काम बैंकको सहमतिमा गाह्रो हुने गर्दछ । साथै वेभ दर्ताका लागि भन्सार फाँट धाइरहनु पर्दा निकै सास्ती बेहोर्नु पर्छ ।
- अतिरिक्त आयातकरको कार्यालयमा दर्ता गर्न भने सहज हुने गरेको ।
- दोस्रो पार्टीका कर्मचारीबाट उपलब्ध हुने कागजात, यातायात, भन्सारको काम र आफ्नो गोदामसम्म सामानहरुको ढुवानीमा उत्तरदायीत्व निर्वाह गर्ने काम भने प्रसंशनीय हुने गरेको
- बैंक तथा बैंकिङ कारोबारले कुनै नयाँ निर्यातकर्ताहरुलाईए प्रोत्साहित गर्ने, हौसला दिने काम गरेको पाइन्छ । कुनै नयाँ निर्यातकर्ता उधारो भुक्तानी प्रक्रियासम्बन्धी कार्य गर्दा कुनै सहज तथा सहयोगीको साथ नपाएको ।
- एक ट्रक मात्र सामानको मात्राले कारोबारमा कुनै असर गर्दैन तर थोरै भए अझ बढि त्यस्तै बढि भए अलि थोरै सामान ढुवानी गर्न सकिन्थ्यो नि भने जस्ता अपसजहरु लागिरहने गरेको ।

यी सवै उसका बाटोबाट गरिने निर्यात गरेका बेला प्राप्त अनुभवहरु हुन् । उनी अझ यसमा आश्चर्यमा छन् कि बाटोबाट सरल तरिकाले ढुवानी गर्दा त यति धेरै अप्ठ्याराहरु छन् भने झन हवाई मार्गबाट वा पानी जहाजबाट के होला ?

अन्त्यमा छिरिङलाई यदि एकपछि अर्को घुम्तीहरुमा सहयोग गर्ने तथा ढुवानीकालागि यातायात सुविधा उपलब्ध हुने हो भने भन्ने खालका जिज्ञासा राख्दा उनी यसमा सहमति बनाउदै यसतो सहयोगले त काममा सहजता हुने मात्र होइन, नयाँ–नयाँ व्यवसायीहरुलाई हौसला मिल्नुको साथै चीनका सम्पूर्ण बजारभरी हाम्रो देशका गलैंचाले बजार सुनिश्चित गर्न सक्ने कुरा गर्छन् ।

स्रोत: श्री छिरिङ तेन्सेनसँग श्री राजन शर्माले गरेको साक्षात्कार

## अध्याय ३: नेपालबाट चीनमा गलैंचा निर्यात गर्ने चरणबद्ध प्रक्रियाहरु

चीनमा गलैंचा निर्यात गर्न कम्पनीहरुले निम्न ९ वटा आवश्यक निर्यात प्रक्रियाहरु पूरा गर्नु पर्छ:

आंकडा २: नेपालबाट चीनमा गलैंचा निर्यात गर्ने प्रक्रियाहरु




चरण १: कम्पनि दर्ता गर्ने
चरण २: स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्र लिने
चरण ३: व्यवसायिक संचालनको लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने
चरण ४: निर्यात कम्पनि दर्ता ।
चरण ५: आयातकर्ताहरु सँग सम्वन्ध वनाउने: निर्यातका लागि तयार हुने
चरण ६: कागजातहरुको तयारी गर्ने
चरण ७: फ्रेट फरवाडिङ
चरण ८: परिवहन सम्झौता र आयातकर्तासँग घनिष्ट सम्वन्ध बनाउने
चरण ९: कर्मसियल बैंक सँग छलफल र कागजात पेश गर्ने

(स्रोत: नेपाल निर्यात प्रक्रिया र दस्तावेज - एसएमई र निर्यातकर्ताहरुका लागि एक हाते किताब; ललितपुर चेम्बर अफ कमर्स (एलसीसीआई))

## चरण १: कम्पनि दर्ता

| | |
|---|---|
| कहाँ जाने | • चेम्बर अफ कमर्श (COC)<br>• वाणिज्य विभाग(DOC)<br>• घरेलु तथा साना उद्योग विभाग समिति(CSIDB)<br>• उद्योग विभाग तथा कम्पनि रजिष्टारको कार्यालय (CRO) |
| आवस्यक कागजात | • नागरिकताको प्रमाण पत्र<br>• व्यसायीक, साझेदार वा कार्यकारी निर्देशकको फोटो<br>• चेम्बर अफ कमर्शको सिफारिस पत्र<br>• साझेदारी सम्झौता<br>• संस्थाको सहमति<br>• संस्थाको विधान<br>• व्यवयायीक योजना र तालिका |
| पाइने कागजात | कम्पनि दर्ता प्रमाण पत्र |
| अनिवार्य | छ |
| दस्तुर | प्रस्तावित कम्पनिको आकार र गतिविधिको आधारमा रु ७००० देखि २०००० सम्म |
| लाग्ने समय | सात दिन भित्र |
| सम्पर्क बिबरण | कम्पनी रजिस्ट्रारको कार्यालय (CRO)<br>टेलिफोन: ९७७-१-४२५ ९९४८ (रजिस्ट्रार-पीए) ४२६७२५६, ४२१५०७७, ४२६३०८९ (व्यवस्थापक)<br>इमेल: info@ocr.gov.np |
| एउटा व्यवसायीक संस्था तथा निर्यातकम्पनि साझेदारी, संयुक्त लगानी, निजी तथा सार्वजनिक लिमिटेड कम्पनि वा संस्थाको रुपमा दर्ता गर्न सकिन्छ । सुरुमा कसैले स्थानीय चेम्बर अफ कमर्शबाट सिफारिस पत्र लिनु पर्छ । संस्थाको विधान र प्रस्तावना तयार गर्न कानुनी परामर्शदाता नियुक्ती गर्न सिफारिस गरिन्छ । | |

## चरण २: स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्र लिने

| | |
|---|---|
| कहाँ जाने | राजश्व कार्यालय (IRO) |
| आवस्यक कागजात | • नागरिकताको प्रमाण पत्र<br>• व्यसायीक, साझेदार वा कार्यकारी निर्देशकको फोटो<br>• चेम्बर अफ कमर्शको सिफारिस पत्र<br>• साझेदारी सम्झौता<br>• संस्थाको सहमति<br>• संस्थाको विधान<br>• व्यवयायीक योजना र तालिका<br>• कम्पनि दर्ता प्रमाण पत्र<br>• संस्था र संलग्न व्यक्तिहरुको परिचय |
| पाइने कागजात | स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्र |
| अनिवार्य | छ |
| दस्तुर | पर्दैन |
| लाग्ने समय | ३ दिन |
| सम्पर्क बिबरण | विभिन्न स्थानमा रहेका कर कार्यालयहरु<br>टेलिफोन: ९७७-१-४४१५८०२, ४४१०३४०, ४४१५९६७, ४४१५९६९, ४४१५८०२, ४४१०३४०, ४४१५९६७ ईमेल: mail@ird.gov.np |
| दोस्रो चरण नजिकैको राजस्व कार्यालयबाट प्यान र भ्याट दर्ता प्रमाणपत्र प्राप्त गर्नु हो। यो चरणमा उल्लिखित चरण१ का सबै कागजातहरुको प्रतिलिपि र दर्ता प्रमाणपत्रको प्रतिलिपि पनि आवश्यक पर्छ। हाल, अनलाइन दर्ता पनि सम्भव छ। | |

## चरण ३: व्यवसाय संचालनको लागि आर्थिक स्त्रोतको व्यवस्थापन

| | |
|---|---|
| कहाँ जाने | • कर्मसियल बैक<br>• तपाईको कार्यालय |
| आवस्यक कागजात | • बैकमा खाताखोल्ने निर्णयको फोटोकपी सहितको निवेदन; कम्पनिको हकमा कार्यकारी समिकिो निर्णय पनि पेश गर्नुपर्छ ।<br>• सवै दर्ता प्रमाणपत्रहरुको प्रतिलिपि |
| पाइने कागजात | बैंक खाता नम्बर |
| अनिवार्य | छ |
| दस्तुर | ऋणको निवेदन दिंदा साधारणतय माग गरेको ऋणको ०.७५% लाग्छ । यो समझदारी र ऋणको किसिमका भर पर्दछ। राजस्व कार्यलयमा पनि रकम बुझाउनु पर्ने हुन्छ । |
| लाग्ने समय | बैंक खाता एकै दिनमा खोल्न सकिन्छ । ऋण स्वीकृति का लागि १० दिन लाग्दछ। |
| सम्पर्क बिबरण | राष्ट्रिय वाणिज्य वैंक, कृषि विकास वैंक जस्तै कुनै पनि  कर्मसियल बैकहरुमा । यी बैंकहरुको धेरै ठाउँमा शाखा कार्यलयहरु छन् । |
| यस चरणमा निर्याकर्ताहरुले बैक खाता खोल्ने, राख्ने र निर्यातको लागि व्यवस्थित हुनु जरुरी हुन्छ । विदेशी मुद्रा खाता र चालु खाता पनि खोल्नुपर्छ । ऋणको लागि निवेदन गरेको भए, कागजात र राजस्व कार्यलयमा ठिक रेडर्क भएको हुनुपर्दछ । यस कामका लागि फोटोहरु, लालपूर्जा र कर चुक्ता गरेको भरपाई पनि चाहिन्छ । | |

## चरण ४: निर्यात कम्पनि दर्ता

| | |
|---|---|
| कहाँ जाने | भन्सार विभाग |
| आवस्यक कागजात | • नागरिकताको प्रमाण पत्र<br>• व्यसायीक, साझेदार वा कार्यकारी निर्देशकको फोटो<br>• चेम्बर अफ कमर्शको सिफारिस पत्र<br>• साझेदारी सम्झौता<br>• संस्थाको सहमति<br>• संस्थाको विधान<br>• व्यवयायीक योजना र तालिका<br>• कम्पनि दर्ता प्रमाण पत्र<br>• बैंक ग्यारेन्टी<br>• प्यान र भ्याटको प्रमाण पत्र |
| पाइने कागजात | आयात ।निर्यात दर्ता प्रमाण पत्र |
| अनिवार्य | छ |
| दस्तुर | रु. ३ लाख वैंक ग्यारेन्टी |
| लाग्ने समय | सात दिन |
| सम्पर्क बिबरण | भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं<br>टेलिफोन: ०१-४२५९८६१<br>ई-मेल: csd@customs.gov.np |
| आयात, निर्यात कम्पनिमा दर्ता भएपछि उत्पादनहरु निर्यात गर्नकालागि वर्षेनी भन्सार विभाग नविकरणका लागि निवेदन र रकम बुझाउनु पर्छ। यसका लागि विभिन्न कागजातहरु चाहिन्छ जसमा धेरै जसो कम्पनि दर्ता गर्दा चाहिने कागजात नै हुन्छन् । | |

## चरण ५: आयातकर्ताहरुसँग सम्वन्ध वनाउने: निर्यातका लागि तयार हुने

| | |
|---|---|
| कहाँ जाने | व्यापार तथा निर्यात प्रर्वधन केन्द्र, चेम्वर अफ कर्मस, नेपाल गलैंचा निर्यातक संघ, केन्द्रीय गलैंचा उद्योग संघ र  देशमा रहेका कुटनितिक नियोग आदि वाट जानकारी लिने । इन्टरनेट र ट्रेड ड्राइरेक्टरीमा खोज्ने र खोजेका सन्दर्भ र डाटाका आधारमा सुचना प्रणाली वनाउने। |
| आवस्यक कागजात | • पहिलाको निर्यात कारोवारको रेकर्ड र तथ्याङ्कहरुसँग परामर्श गरि सम्वन्धित उत्पादन प्रति आफ्नो ज्ञान र क्षमता वढाउने<br>• नेपालको निर्यात डेटा हेर्ने र नेपाल र नेपालको जस्तै सामान आर्थिक स्थिति भएका देशहरुको निर्यात कारोवारको तथ्याङ्क र मुख्य लक्षित बजार हरुमा हुने आयात व्यापारको तथ्याङ्कहरुको सन्दर्भ गर्ने । |

| | |
|---|---|
| | • आयात बृद्धिको समिक्ष, आयातको मात्रा र आयातका लागि प्रति एकाई मुल्यको मुल्याङ्कनलाई विचार गरेर वजारको प्राथमिकता छनौट गर्न सुझाव दिइन्छ।<br>• निर्यातको लागि सामान्य नियम र सर्तहरूका साथै प्रो फारम झम्वाईस तयार पार्ने । |
| पाइने कागजात | अनुबन्ध सम्झौता |
| अनिवार्य | छ |
| दस्तुर | नेपाल गलैँचा निर्यातक संघमा सदस्यता लिन रु. १००००।- र वार्षिक नविकरण शुल्क वापत रु. ५०००।- लाग्नेछ । केन्द्रीय गलैँचा उद्योग संघमा आजिवन सदस्यता लिन रु. २५०००।- र बार्षिक सदस्यता लिन रु. २०००।– लाग्नेछ। |
| लाग्ने समय | उत्पादक संघमा दर्ता हुन एक दिन तर उत्पादक संघको कार्यकारीको वैठकले पारित गरेपछि मात्र प्रमाण पत्र पाइन्छ। |
| सम्पर्क बिबरण | व्यापार तथा निर्यात संवर्धन केन्द्र (TEPC)<br>पुल्चोक, ललितपुर<br>टेलिफोन: ९७७-१-५५२५८९८ ५५३२६४२<br>इमेल: info@tepc.gov.np<br><br>केन्द्रीय गलैँचा उद्योग संघ<br>बौध्द, काठमाडौं<br>टेलिफोन: 977-1-4486849<br>इमेल: info@nepalcarpet.org<br><br>नेपाल गलैँचा निर्यातक संघ<br>सुकेधारा, चाहविल<br>टेलिफोन: ९७७-१-४३७३६२९<br>इमेल: ncea@info.com.np, nceanepal@gmail.com<br><br>नेपाल निर्यात परिषद<br>भागवतीस्थान, ठमेल, काठमाडौं<br>टेलिफोन: + ९७७ १ ४४४१३३७<br>इमेल: info@nepalexport.org.np; econ.exportcouncil@gmail.com |
| निर्यातकर्ताहरुले विदेशमा रहेका आयतकर्ताहरुसँग सम्वन्ध स्थापित गरी निर्यातका लागि तयार हुने। यसका लागि निम्न कार्यहरुमा ध्यान पुर्याउने:<br>○ उत्पादनको पहिचान र छनौट<br>○ उत्पादनको लागि लक्षित बजारको पहिचान र उपभोक्ताको पहिचान गर्ने<br>○ कम्पनि र उत्पादनहरुको प्रोफाइल, व्रोसर, प्रो फर्मा इन्भोइस सहिका अफरहरु र अन्य प्रचार सामाग्री तयार गर्ने ।<br>○ मिल्दो जुल्दो ग्राहकसँग सम्पर्क वढाउने र विवेकपूर्ण वर्तालाप गरि सौदावाजी गर्ने ।<br>○ प्रो फर्मा इन्भोइस र निर्यातकर्ताका लागि चाहिने नियम र सर्त तयार पार्ने ।<br>○ खुला एल सी बाट वा बैंकको माध्यमबाट अग्रिम भुक्तानीका लगि प्रो फर्मा इन्भोइस पठाउने ।<br>• निर्यातका लागि ग्राहकको निर्देशन र विवरण अनुसारका समान। सेवाको उत्पादन वा किनमेलको व्यवस्था मिलाउने । | |

## चरण ६: कागजातहरुको तयारी

| | |
|---|---|
| कहाँ जाने | • भन्सार कार्यालय (नेपाल)<br>• फ्रेट फरवार्डर्स<br>• सामान्यतया तपाईले आफ्नो ए सी (L/C) वा अग्रिम भुक्तानी कारोवार गर्ने वाणिज्य बैंक<br>• व्यापार तथा निर्यात संवर्धन केन्द्र (TEPC)<br>• नेपाल च्याम्वर अफ कमर्श महासंघ<br>• स्थानीय च्याम्वर अफ कमर्श<br>विमा कम्पनी |
| आवस्यक कागजात | • कर्मसियल ईन्भोइस |

| | |
|---|---|
| | • व्यवसाय दर्ता र प्यान दर्ता प्रमाण पत्रको फोटोकपी<br>• चाहिने खण्डमा विमा कम्पनीबाट विमा पोलिसी<br>• कार्गो पठाउन र व्यवस्थापनका लागि भन्सार कार्यलयलाई सम्वोधन गरेर पठाउने संस्थाको अधिकारीकताको पत्र<br>• नेपाल रास्ट्र बैंकबाट विदेशी विनिमय नियन्त्रण निर्धारण फारम (पहेंलो फारम)<br>• Customs Declaration Form<br>• Customs Transit Declaration Form |
| पाइने कागजात | • आफ्नो बैंकबाट एलसी(L/C) वा अग्रिम भुक्तानी प्रमाण पत्र<br>• स्थानिय चेम्वर अफ अमर्शवाट वस्तु उत्पतिको प्रमाण पत्र<br>• चाहिने खण्डमा विमा कम्पनीबाट विमा पोलिसी<br>• चीन निर्यात गर्नलाई चाहिने विशेष कागजात (सम्वन्धीत संस्थाले मागेको खण्डमा मात्र) |
| अनिवार्य | छ |
| दस्तुर | भरपाईमा उल्लेख भए बमोजिम रकमको ०.१२% चेम्वर अफ कमर्शलाई उत्पतिको प्रमाण पत्र दिए वापत रु ५०० प्रति भरपाई FNCCI लाई बुझाउनुपर्छ। |
| लाग्ने समय | २ – ३ दिन |
| सम्पर्क बिबरण | राष्ट्रिय वाणिज्य बैंक<br>फोन: ९७७-१-४२३०५८९, ४२३०५९४<br>ईमेल: mbo@rbb.com.np<br><br>व्यापार तथा निर्यात संवर्धन केन्द्र (TEPC)<br>पुल्चोक, ललितपुर<br>टेलिफोन: ९७७-१-५५२५८९८ ५५३२६४२<br>इमेल: info@tepc.gov.np<br><br>भन्सार विभाग,<br>त्रिपुरेश्वर, काठमाडौं<br>फोन: ०१-४२५९८६१<br>फ्याक्स: ४२५९८०८<br>ईमेल:csd@customs.gov.np<br><br>वाणिज्य विभाग<br>बबर महल, काठमाडौं<br>फोन: ४२४७९१२, ४२४७९१३<br>ईमेल: info@doc.gov.np<br><br>नेपाल च्याम्बर अफ कमर्श महासंघ (FNCCI)<br>कृषि उद्यम केन्द्र, एफएनसीसीआई भवन, टेकू, काठमाडौं<br>इमेल: aec-fncci@mos.com.np<br>टेलिफोन: ९७७-१-४२६२२६०, ४२६२२४५<br><br>नेपाल फ्रेट फर्वार्डर्स एसोसिएसन<br>नारायणचौर, नक्साल, काठमाडौं, फोन: ९७७-१-४४१९७६९<br>ईमेल: neffa@mail.com.np, neffacontact@gmail.com<br><br>राष्ट्रिय विमा संस्थान<br>रामशापथ काठमाडौ<br>फोन: ९७७-१-४२६२५२० |
| सडक र समुद्रीक यातायातका लागि Customs Transit Declaration र सवै प्रकारका यातायातका लागि सवै कागजातहरु चाहिन्छ । फ्रेट फर्वार्डस कम्पनिहरुले कागजात तयारीको लागि सम्पर्क गर्न सक्छन् । बीमा INCO को भुक्तानी सर्तहरुमा निर्भर गर्दछ। | |

## चरण ७: फ्रेट फरर्वाडिङ

| | |
|---|---|
| कहाँ जाने | भन्सार कार्यालय: मेचि, विराटनगर, विरगञ्ज, सिदार्थ नगर, नेपालगन्ज, धनगढी र त्रिभुवन अन्तराष्ट्रिय विमान स्थाल (TIA) |
| आवस्यक कागजात | माथिल्ला चरणहरुमा उल्लेख भए बमोजिमका सबै कागजातहरु |
| पाइने कागजात | • Customs Transit Declaration (CTD)<br>• Road Consignment note<br>• Handing Over certificate<br>• Forwarders' Certificate of Receipt (FCR)<br>• HBL/MBL<br>• HAWB/MAWB |
| अनिवार्य | छ |
| दस्तुर | निर्यात शुल्क लाग्दैन; तथापि भन्सार शुल्क न्यूनतम रु १३० देखि रु ५६५ सम्म लाग्छ । अन्य शुल्कहरु वस्तुको प्रकृति र परिमाणमा निर्भर पर्छ । |
| लाग्ने समय | यदि हवाई वा समुद्रबाट भए २ दिन<br>सडकवाट भए ११ देखि १८ दिन सम्म |
| सम्पर्क बिबरण | भन्सार कार्यालयहरु **:**<br><br>तातोपानी भन्सार कार्यालय<br>तातोपानी,गा.वि. स।  वार्ड नम्बर,३, लिपिङ, सिन्धुपाल्चोक<br>फोन: ०११-४८०१३१<br>फ्याक्स: ०११-४८०१३४<br>ईमेल:tatopani@customs.gov.np<br><br>रसुवा भन्सार कार्यालय<br>टिमुरे गाविस वडा न ४, रसुवा<br>फोन: ९७७-१०-६७०१८२<br>ईमेल:rasuwa@customs.gov.np<br><br>बिरगंज कार्यालय<br>वीरगन्ज उप-महानगरीय वार्ड, १९, इंरउवा<br>फोन: ९७७-५१-५१-५२२९२०, ५२२२२०<br>ईमेल: birgunj@customs.gov.np ;<br>brjcus@atcnet.com.np<br><br>त्रिभुवन अन्तर्राष्ट्रिय हवाई स्थल<br>काठमाडौं महानगरपालिका वार्ड न. ३५, गौचरन<br>फोन: ९७७-१-१४४७०३८२<br>ईमेल: tia@customs.gov.np<br><br>विराटनगर भन्सार कार्यालय<br>विराटनगर महानगरपालिका वार्ड नम्बर २१, रानी, मोरङ<br>फोन: ९७७-२१-५२०८४३<br><br>भैरवा भन्सार कार्यालय<br>सिद्धार्थनगर नगरपालिका वार्ड न. १, बेलारिया, रुपन्देही<br>फोन: ९७७-७१-४१८००३<br>ईमेल:bhairahawa@customs.gov.np<br><br>नेपालगञ्ज भन्सार कार्यालय<br>जैसापुर गाविस वडा न. ७, बाँके |

| | |
|---|---|
| | फोन: ९७७-८१-५२०२८९, ५२०३७९<br>फ्याक्स: ९७७-८१-५२०२७६<br>ईमेल: nepalganj@customs.gov.np ; npj_cus@ntc.net.np |
| तयार गरिएका कागजात सहित ढुवानी गर्ने सामान (कार्गो) सिधै वा ढुवानीगर्ने एजेन्ट मार्फत भन्सार कार्यालयमा पेश गर्नुपर्छ । कार्गोहरुको निरिक्षण र जाँचपास पछि निर्यात सेवा शुल्क तिर्नुपर्छ । अधिंकास निर्यातकर्ताहरुले मेचि, विराटनगर, विरगञ्ज, सिद्धार्थनगर, नेपालगञ्ज, धनगढी र काठमाडौं एयरपोर्टवाट भारत भन्दा अन्य देशहरुमा सामान पठाउने गर्दछन् । | |

## चरण ८: परिवहन सम्झौता र आयातकर्तासँग घनिष्ट सम्वन्ध बनाउने

| | |
|---|---|
| कहाँ जाने | फ्रेट फरवार्डर्स वा परिवहन एजेन्सीको सहयोगमा फर्वाडिङ्ग एजेन्सीमा |
| आवस्यक कागजात | माथिल्ला चरणमा उल्लेख गरे बमोजिमका सवै कागजातहरु |
| पाइने कागजात | • Master Airway Bill (MAB)<br>• House-Airway Bill (HAB)<br>• Master Bill of Lading (MBL)<br>• MTD/ Bill of Lading B/L<br>• Road Consignment Note C/N<br>• Handing-over Certificate (FCR)<br>• पूर्व अलर्ट सन्देश र सान्दर्भिक कागजातहरु स्क्यान गर्ने |
| अनिवार्य | छ |
| दस्तुर | प्रयोग हुने परिवहन र INCO को सर्तमा भर पर्छ। |
| लाग्ने समय | प्रयोग हुने परिवहनको प्रकारमा भर पर्छ। |
| सम्पर्क बिबरण | नेपाल फ्रेट फर्वार्डर्स एसोसिएसन<br>नारायणचौर, नक्साल, काठमाडौं, फोन: ९७७-१-४४१९७६९<br>ईमेल: neffa@mail.com.np, neffacontact@gmail.com<br><br>ट्रक यातायात व्यवसायी महासंघ<br>नयाबाटो, पाटन, ललितपुर, नेपाल,<br>फोन: ९११-१-५१८४२०५<br>केही फ्रेट फरवार्डसहरुको सम्पर्क विवरण परिशिष्ट १ मा दिइएको छ। |
| सामान्यतया फ्रेट फरवार्डस् वा एजेन्सीको सहयोगमा परिवहन सम्झौता गर्न सकिन्छ । एजेन्सीले Customs Declaration Form, COO, GSP Form ‘A’ र अन्य आवश्यक कागजातहरु ढुवानी एजेन्टलाई हस्तान्तरण गर्नुपर्दछ । उनीहरुले हवाईमार्गको विल, Bill of Lading र रेलवेको भरपाई उपलब्ध गराउछन् । आयातकर्तासँग व्यापार सम्झौतामा उल्लेख भए अनुसारको आवश्यक कागजातहरु पठाउन निर्यातकर्ता सदैव तयार हुनु पर्दछ । अन्तराष्ट्रिय परिवहन नियम, जस्तै हवाईको लागि अन्तराष्ट्रिय हवाई परिवहन संघको नियम जस्ता कुराहरुमा सदैव हेक्का राख्नु पर्दछ। निर्यात गरिएका कुराहरुको पुष्टि हुनुपर्छ । | |

## चरण ९: कर्मसियल बैंक सँग छलफल वा कागजात पेश गर्ने ।

| | |
|---|---|
| कहाँ जाने | तपाईको आफ्नो कारोवार हुने कर्मसियल वैंक |
| आवस्यक कागजात | • Customs Declaration Form<br>• भरपाई र प्याकिङ्ग सुची<br>• COO<br>• AWB or B/L or R/R or C/N<br>• बैंक सँगको सम्झौता फारम<br>• L/C ले माग गरे बमोजिका सवै कागजातहरु |
| पाइने कागजात | भुक्तानी रसिद |
| अनिवार्य | छ |
| दस्तुर | नेपाल राष्ट्रिय बैंकले तोकेको वमोजिमको बैंक शुल्क र दस्तुर यो फरक पनि हुन सक्छ । |
| लाग्ने समय | २ दिन |
| सम्पर्क बिबरण | तपाईको कारोवार हुने कर्मसियल वैंक |

| |
|---|
| निर्यात भएको प्रमाण र एल / सी कालागि भेट गर्नु आवश्यक छ। यसैले, सम्बद्धि कागजात सहित बैंकमा कुराकानी वा अन्तिम भुक्तानीको लागि पेश गर्ने (तपाईंको बैंक खातामा पूर्ण भुक्तानी प्राप्त गर्ने)। खरीदारको बैंकको साथ एल / सी क्लजसँग वा सम्बन्धित व्यापारिकको बैंकहरुसँग विदेशी मुद्रा र लेनदेनमा एनआरबी (NRB) नियम पालन गर्ने। |

## गलैंचा निर्तया प्रक्रियामा आइपर्ने अन्य विविध चरणरु

### प्याकिङ

| | |
|---|---|
| सहयोगको लागि सम्पर्क गर्नुपर्ने कार्यालय र गतिविधिहरु | सामाग्री सङ्कलन गर्ने र क्रेताको आवश्यकता अनुसार प्याकिग गर्ने, वा निर्यातकले भने बमोजिम प्याकिग गर्ने |
| आवस्यक कागजात | कुनै पनि चाहिदैन |
| लाग्ने समय | एक बेल प्याकिङ गर्नको लागि औसत ३० मिनेट |
| दस्तुर | रु १७५ प्रति बेल |
| प्याकिङको थुप्रोमा गर्नु पर्छ जसले गर्दा ढुवानीको समयमा समान चिप्लन दिदैन। | |

### विमा

| | |
|---|---|
| सहयोगको लागि सम्पर्क गर्नुपर्ने कार्यालय र गतिविधिहरु | फ्रेट फरवार्डस वा कहिलेकाही निर्यातकर्ताहरु आफै पनि |
| आवस्यक कागजात | भरपाइ , निर्यातकर्ताको प्यान। भ्याट दर्ता प्रमाण पत्र |
| लाग्ने समय | आधा दिन |
| दस्तुर | भरपाईमा उल्लेखित रकमको करिव ०.५ प्रतिशत |

### टर्मिनल र पोर्ट अपरेसन

| | |
|---|---|
| सहयोगको लागि सम्पर्क गर्नुपर्ने कार्यालय र गतिविधिहरु | साधारणतया जाँचपास एजेन्ट, फ्रेट फरवार्स र उक्त परिसर भित्र प्रवेश पास अनुमति भएको तिनीहरुको कम्पनीका कामदारहरु द्वारा व्यवस्थापन गरिन्छ।<br>सडकवाट ल्याउँदा कन्टेनरको सिलवन्दी र हवाईजाहाज मार्गबाट ल्याउँदा विल नम्वर अनुसारको लेवल र मार्क हुनु पर्छ । |
| आवस्यक कागजात | Single Administrative Document (SAD) form |
| लाग्ने समय | केही घण्टा |
| दस्तुर | सामानको तौल र मात्रा हेरेर प्रति प्याकेज रु १०० देखि रु ५०० सय सम्म कामदार शुल्क लाग्नेछ ।<br>जाँचपास एजेन्टको शुल्क कम्तिमा रु. ८००० देखि रु १२००० सम्म लाग्छ । |
| सामानलाई सजिलै व्यवस्थापन र अवतरण गर्ने यस कार्यले सहयोग पुर्याउदछ । | |

### एयरलाईन्स र सीलाईनर्स

| | |
|---|---|
| सहयोगको लागि सम्पर्क गर्नुपर्ने कार्यालय र गतिविधिहरु | • हवाईमार्ग रसिद लिने र कार्गोको रिजर्व गर्ने ।<br>• Bill of lading लिने र कार्गो पठाउन रिजर्व गर्ने । |
| आवस्यक कागजात | • हवाईमार्गको रसिद<br>• Manifest<br>• House airway bill, चाहिएको खण्डमा<br>• प्याकिङ्ग सुचीको भरपाई, उत्पतिका प्रमाण पत्र र अन्य चाहिने कागजातहरु पढाइएको ठाउँमा जाँचपास गराउँ संम्लग्न गर्नु पर्छ । |
| लाग्ने समय | हवाई मार्फत जाँचपासगरेको १ दिनपछि र समुन्द्र बाट कम्तिमा ७ दिन लाग्छ। किनभने त्यो कार्य भारतीय जाँचपास एजेन्टको रोहोवरमा कलकत्ताको हल्दीयामा हुन्छ । |
| दस्तुर | भारतीय रुपैया ८००० देखि रु १२००० सम्म लाग्छ (ट्रमिनल शुल्क, कन्टेनर फ्रेड सेक्सन शुल्क(CFS), Bill of Lading र एयरव विल शुल्क) |
| सामानको दर मात्रामा निर्भर गर्छ। यदि सामान ए कन्टेनर भन्दा कम वा २० वा ४० फुट सम्मको कन्टेनरमा छ भने रेट फरक हुन्छ । यो रकम निर्यात कर्ताको तर्फबाट जाँचपास गराउनेउ जेन्टलाई अनुमति प्राप्त बैंकहरु को च्यानलबाट तिर्नु पर्दछ । समुद्रको वाटोवाट समान निर्यात गर्ने सन्दर्भमा सिपिङ्ग लाईन दस्तुर, पोर्ट सम्वन्धी शुल्क र फ्रेट निर्यातको रकम भने जाँचपास एजेन्ट मार्फत कलकत्तामा तिर्नु पर्छ। यो रकम प्रो फर्मा इन्भोइस सहित बैंकहरुको माध्यमबाट तिर्नु पर्दछ। निर्यात भएको प्रमाण को कागजात जस्तै bill of lading, SAD आदि सहित पछि अन्तिम रकमको लागि पेश गर्नु पर्दछ । | |

## प्रोत्साहन दावी

| | |
|---|---|
| सहयोगको लागि सम्पर्क गर्नुपर्ने कार्यालय र गतिविधिहरु | वाणिज्य मन्त्रालय र अर्थ मन्त्रालय |
| आवस्यक कागजात | • SAD<br>• CO<br>• भरपाई |
| लाग्ने समय | तीन महिना |
| दस्तुर | भारतीय रुपैया ८००० देखि १२००० सम्म (ट्रमिल शुल्क, कन्टेनर फ्रेड सेक्सन शुल्क(CFS), Bill of Lading र एयरवे विल शुल्क) |
| सिमित उत्पादनहरुलाई, पहिला आउनेलाई प्रथम प्राथमिकताका आधारमा ४% सम्म | |

## सडक र समुद्रवाट आएका समान सिमापार गर्न

| | |
|---|---|
| सहयोगको लागि सम्पर्क गर्नुपर्ने कार्यालय र गतिविधिहरु | सिमापार भन्सार तथा सेवा प्रदायकहरु |
| आवस्यक कागजात | • CTD<br>• भरपाई<br>• प्याकिङ्ग सुची<br>• भुक्तानी प्रमाणपत्र (एल सी वा अग्रीम भुक्तानी)<br>• आधिकारीकतको पत्र |
| लाग्ने समय | केही घण्टा |
| दस्तुर | भन्सार जाँचपास शुल्क रु ३००० देखि रु १००० सम्म |
| नेपाल चीन द्विपक्षिय सन्धि अनुसार | |

# अध्याय ३: चीन विशेष आवश्यकताहरु

## ३.१ चिनमा हुने आयत प्रक्रियाहरु

